**उपभोक्ता अधिकारको रक्षा गरौं**

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानि पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरूपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० चैत १८ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 March 31 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २०९


## द्वारदेवी माविका शिक्षकद्वारा चारजना विद्यार्थीको भविष्यसँग खेलबाड

नितेश कर्ण, वीरगंज, १७ चैत/

यही चैत १५ गते बिहीवारदेखि सञ्चालित माध्यमिक शिक्षा परीक्षा (एसइई)मा वीरगंज महानगरपालिका-१७ द्वारदेवी माविका एकजना शिक्षकको बदमाशीले गर्दा संस्थागत विद्यालयका चारजना विद्यार्थीको परीक्षा खराब भएको छ।

वीरगंज महानगरपालिका-२० हरपतगंजस्थित गोल्डेन वाटिका इङ्ग्लिश स्कूलका चारजना विद्यार्थीहरूको एसइई अन्तर्गत अङ्ग्रेजी विषयको परीक्षा त्यहाँका शिक्षक राकेश तिवारीले बिगारेको गोल्डेन वाटिका इङ्ग्लिश स्कूलका सञ्चालक लालबाबूप्रसाद यादवले आरोप लगाएका छन् ।

उनले आफ्नो विद्यालयका १४ जना परीक्षार्थीको सेन्टर द्वारदेवी माविमा परेको र परीक्षा हुनुभन्दा अगाडि शिक्षक तिवारीले प्रतिविद्यार्थी एक हजार रुपैयाँको दरले घूस माग गरेको र सो दिन अस्वीकार गरेपछि चारजना विद्यार्थीको



तस्वीरः फाइल

भविष्यसँग खेलबाड गर्ने काम गरिएको आरोप लगाए । सो दिन शुरूमा विद्यार्थीहरूमध्ये दुईजनाको सिरियल नं सूचनामा टाँस नगरेको केहीबेरपछि परीक्षा केन्द्रमा प्रवेश नगराएर मानसिक यातना दिने कार्य गरिएको बताइएको छ।

उनले यसबारेमा विद्यालयका प्रधानाध्यापक दयानन्द झालाई अवगत गराएपछि उनीहरूलाई परीक्षामा समावेश गरिएको तर नियमिततर्फका चारजना विद्यार्थीलाई ग्रेडवृद्धिको प्रश्नपत्र दिएर परीक्षा दिन बाध्य पारिएको बताइएको।

सञ्चालक यादवले परीक्षाको दिन घटनाबारे शिक्षा विकास तथा समन्वय एकाइ र प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएको बताए । उनले यसबारेमा शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयमा लिखित उजूरी गरेको जानकारी गराएका छन्। उनले चारजना विद्यार्थीको पुनः परीक्षा लिनुपर्ने र दोषी शिक्षकमाथि कारबाही गरिनुपर्ने माग गरेका छन् ।

शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय वीरगंजका प्रमुख श्याम गुप्ताले परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई सचेत गराइएको र दुईजना निरीक्षक, दुईजना सहायक निरीक्षकलाई आइतवारदेखि सो परीक्षा केन्द्रबाट हटाउने निर्णय गरेको बताए। उनले यसबारेमा राष्ट्रिय परीक्षा बोर्डको ध्यानाकर्षण गराइसकेको बताए।

## मृतक परिवारलाई क्षतिपूर्ति दिने सहमति

प्रस, परवानीपुर, १७ चैत/

बारा, परवानीपुर गाउँपालिका-४ चैनपुरस्थित ईरिक्शाको ठक्करबाट यही पाँच लाख पछि दिने गरी जिल्ला प्रहरी कार्यालय, पर्सामा सहमति भएको उनले बताए। चैत १५ गते बिहीवार राम घाइते



तस्वीरः फाइल

चैत १५ गते बिहीवार साँझ पर्साको सखुवाप्रसौनी गापा-५ बलुवा घर भई हाल वीरगंज-१८ सुखचैनामा डेरा गरी बस्ने ३२ वर्षीय सोनालाल रामको मृत्यु भएको घटनामा सहमति भएको छ ।

शनिवार आठ लाख क्षतिपूर्ति दिने गरी सहमति भएको पीडित पक्षका मनोज रामले बताए । तत्काल डेढ लाख नगद र डेढ लाखको चेक दिएको र बाँकी भएका थिए भने उनको भोलिपल्ट वयोधा अस्पताल वीरगंजमा मृत्यु भएको थियो।

ईरिक्शा चालक भने घटनापछि फरार छन् । ईरिक्शालाई प्रहरी चौकी नौतनले नियन्त्रणमा राखेको छ। आजको सहमति वीरगंज महानगर-२१ का वडाध्यक्ष राधाकृष्ण रौनियारको रोहबरमा भएको हो ।

## सूचना प्रविधिका सामानसहित दुई विदेशी पक्राउ

प्रस, वीरगंज, १७ चैत/

वीरगंज महानगरपालिका-१५ र सो घरबाट ठूलो परिमाणमा सूचना प्रविधिका सामानहरू बरामद गरिएको थप अनुसन्धान भइरहेको र यसबारेको विस्तृत विवरण पत्रकार सम्मेलन गरेर



वीरगंज महानगर-१५ लक्ष्मणवास्थित पटेलको घरमा प्रहरी छापा र बरामद सूचना प्रविधिका सामग्रीहरू । तस्वीरः प्रतीक

लक्ष्मणवास्थित शिवदेवी पटेलको घरबाट शनिवार पर्सा प्रहरीले दुईजना विदेशी नागरिकलाई ठूलो परिमाणमा सूचना प्रविधिका सामानहरूसहित नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले सूचनाको आधारमा आज पटेलको घरमा छापामारी गरिएको बताए ।

उनले सो सामान दुईजना विदेशी नागरिकको भएको खुलेपछि उनीहरूलाई वीरगंज-१६ नगवाबाट नियन्त्रणमा लिएको जानकारी गराए। पक्राउ परेका विदेशी चिनियाँ नागरिक भएको पुष्टि प्रहरीले गरेको छैन ।

प्रवक्ता थापाले विदेशी नागरिकको पुष्टि नभएको बताए। उनले घटनाबारेमा जानकारी गराउने बताए । घरधनी पटेलले गत माघ १४ गतेदेखि दुई तले भवनका आठवटा कोठा ती दुई विदेशी नागरिकलाई भाडामा दिएको बताइन् ।

उनले हेटौंडा उपमहानगरपालिका-१० बस्ने श्रद्धा जोशीले चिनियाँ भाषा सिकाउन कोठा भाडामा लिएको बताइन्।

## आगलागीपीडितको घर बनाउने मन्त्री चौधरीको घोषणा

प्रस, वीरगंज, १७ चैत/

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले सुनसरीको बर्जु गाउँपालिका-४ स्थित जयनगर टोलमा गत फागुन ४ गते भएको आगलागीबाट घरबास गुमाएका परिवारलाई विभिन्न सङ्घसस्थासँग सहकार्य गरेर घर बनाइ दिने घोषणा गरेकी छन् ।

प्रवासी नेपाली सङ्घ तथा ताइवानी संस्था (चुजी फाउन्डेशन)सँगको सहकार्यमा घरबास गुमाएका २७ घर परिवारको पुनर्वासको निम्ति आवश्यक घर तथा विद्यालय निर्माण गरिदिने उनले बताइन् । सो क्षेत्रबाट निर्वाचित सांसदसमेत रहेकी मन्त्रीले नेपाल सरकार, दातृ निकायसँग सहकार्य गर्दै पीडितको पुनर्बासको निम्ति आवश्यक काम गर्ने बताइन् । विराटनगर महानगरपालिकाबाट नजीकै रहेको बर्जु गाउँपालिका-४ स्थित जयनगर टोलमा गत फागुन ४ गते दिउँसो आगलागी भएको थियो ।

आगलागीबाट २७ घरटहरा जलेका थिए । आगलागीबाट जोगिन विभिन्न उपाय अपनाउनुपर्ने भन्दै मन्त्री चौधरीले कहिलेकाहीं जति नै सचेत हुँदाहुँदै पनि आगलागी हुन सक्छ दैवी प्रकोप भनौं वा विपत्ति भएको उनले बताइन्। पीडितका



तस्वीरः प्रतीक

पीडामा मलहम लगाउन आफू आएको भन्दै आफूलाई एक्लो महसूस नगर्न र साथमा सरकार रहेको भन्दै पीडितलाई आश्वस्त पारेकी थिइन् ।

प्रदेशसभा सदस्य रोहितबहादुर कार्कीले आफू सङ्घीय सरकार र स्थानीय सरकारसँग सहकार्य गर्दै पीडितको गाँस, बासको निम्ति जस्तोसुकै कार्य गर्न तयार रहेको बताए ।

आगलागीपीडितका लागि मन्त्री चौधरीको पहलमा राहत सामग्री वितरण गरिएको थियो। नेपाल रेडक्रस सोसाइटी सुनसरीले आगलागीबाट पीडित १६ घर परिवारका लागि आवश्यक राहत सामग्री वितरण गरेको रेडक्रस सुनसरी सभापति उमेश थापाले बताए ।

कार्यक्रममा गैरआवासीय नेपाली सङ्घका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत, गैरआवासीय नेपाली सङ्घकी अन्तर्राष्ट्रिय समन्वय समितिकी महिला संयोजक राधिका गुरुङ, उपाध्यक्ष रोजिना राई, समाज कल्याण परिषद्का सदस्यसचिव मनोज भट्ट, चुजी फाउन्डेशनका निर्देशक निर्देश शाक्यलगायतको सहभागिता थियो।

## नगरप्रमुखको आरोपमा सत्यता छैन -पूर्वनगरप्रमुख

प्रस, रौतहट, १७ चैत/

एमालेका केन्द्रीय सदस्य एवं गौर नगरपालिकाका पूर्वप्रमुख अजयकुमार गुप्ताले वर्तमान नगरप्रमुखले बरहथवा तालको झोलुङ्गे पुल आफ्नो पालामा ठेकेदारले कालोसूचीमा राखेको भन्ने आरोप मिथ्या भएको बताएका छन् ।

प्रेस चौतारी नेपाल रौतहट शाखाद्वारा शनिवार आयोजित सञ्चारकर्मीहरूको स्वागत तथा सम्मान कार्यक्रममा गुप्ताले बरहथवा तालको झोलुङ्गे पुललाई ठेकेदारले कालोसूचीमा राखेको भनेर वर्तमान नगरप्रमुख शम्भु साहको आरोपमा सत्यता नभएको दाबी गरे ।

उनले आफ्नो कार्यकालको अन्तिम समयमा बरहथवा ताल र बालेश्वर महादेव मन्दिरअगाडिको झोलुङ्गे पुल निर्माणका लागि २०७८ फागुनमा उपभोक्ता समितिमार्फत काम गरिएको र समितिको नाममा ठेकेदारले काम गरेको देखिएको बताए ।

उनले त्यसको दुई महीनापछि चुनाव




तस्वीरः प्रतीक

भएको र आफू पराजित भएर साह निर्वाचित भएको अवस्थामा ठेकेदार भनाउँदोले बरहथवा तालको डोङ्लु पुल नबनाएको तर बालेश्वर महादेव मन्दिर अगाडिको झोंलु पुलसाहकै पालामा निर्माण सम्पन्न भएकोले कालोसूची राखिएको कुरामा सत्यता नभएको बताए। कालोसूचीमा राखिएको भए बालेश्वर महादेव मन्दिरको पुल पनि निर्माण नहुनुपर्ने हो भनि उनले प्रश्न गरे। उनले वर्तमान नगरप्रमुख साहले चुनावमा गरेका प्रतिबद्धताहरू पूरा गर्न नसकेकोले आफूले आरोप लगाए ।

प्रेस चौतारीका जिल्ला अध्यक्ष आदर्श उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा एमालेका जिल्ला सचिव बाबूराम दाहाल, उपाध्यक्ष रूपेश पटेल, मधेस प्रदेश सदस्य बाबूविक्रम कार्की, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश सदस्य शैलेन्द्र झा, प्रेस चौतारीका केन्द्रीय सदस्यद्वय रमेश तिमल्सिना, सञ्जय मिश्र, चौतारीका मधेस प्रदेश महासचिव गौतम श्रेष्ठलगायतले शुभकामना मन्तव्य गरेका थिए ।

## एसइई व्यवस्थापन निर्देशिकाविपरीत केन्द्राध्यक्ष नियुक्त

प्रस, परवानीपुर, १७ चैत/

माध्यमिक शिक्षा परीक्षा (एसइई) केन्द्रको केन्द्राध्यक्ष माध्यमिक




तर अहिले जारी एसइईमा बाराको एक परीक्षा केन्द्रमा ती दुवै प्रावधान मिचेर निमावि तहका एक शिक्षकलाई केन्द्राध्यक्ष नियुक्त गरेर परीक्षा सञ्चालन गरिएको छ। शिक्षा विकास तथा समन्वय एकाइ बाराका प्रमुख उपेन्द्र सिंहले बाराको प्रसौनी गाउँपालिका वडा नं ४

अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारीले पनि साथ दिएको आरोप लागेको छ ।

शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख सिंहले भने उक्त विद्यालयका प्रधानाध्यापक पवन सिंह दुर्घटनामा परेर घाइते भएपछि त्यही विद्यालयका निमावि तहका शिक्षक साहलाई केन्द्राध्यक्षमा नियुक्त गरिएको बताए। सिंहका अनुसार उक्त विद्यालयमा मावि तहको एकमात्र दरबन्दी छ। उक्त दरबन्दीमा कार्यरत प्रधानाध्यापक सिंह घाइते भएकाले निमावि तहका शिक्षक साहलाई वरिष्ठताका आधारमा केन्द्राध्यक्ष नियुक्त गर्नुपरेको सिंहले बताए। साहको नाममा प्रधानाध्यापक सिंह स्वयंले लिखित सहमति दिएपछि उनलाई केन्द्राध्यक्ष नियुक्त गरिएको सिंहको भनाइ छ ।

एसइईको केन्द्राध्यक्ष निर्देशन पुस्तिका २०८० मा केन्द्राध्यक्ष मावि तहकै शिक्षक


(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**मनको सच्चा व्यक्ति भलै जीवनमा एक्लो रहोस् तर यस्ता व्यक्तिलाई भगवान्‌ले अवश्य साथ दिन्छन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# प्रधानमन्त्रीको प्रतिबद्धता र गौरवका आयोजनाहरूको दुर्गति

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**प्रधानमन्त्रीले वास्तवमैं गौरवको टचाग झुन्ड्याइएका योजनाहरूलाई गौरवलायक बनाउन चाहेकै हुन् भने यसका लागि ओठे प्रतिबद्धता मात्र पर्याप्त हुँदैन । कार्यान्वयनमा इमानदारीको अभाव छ । गौरवका आयोजनाको दुर्गतिजस्तै प्रतिबद्धता गर्ने, तर कार्यान्वयनमा उदासीनता समकालीन राजनीतिको चरित्र बनेको छ ।**

प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय गौरवका योजना र रूपान्तरणकारी आयोजना समयमैं सम्पन्न हुने गरी काम हुने बताएका छन्। तर समय र लागत लम्बिएर राष्ट्रिय ढुकुटीमा भारको कारण थिचिएका यस्ता आयोजनालाई कसरी गति दिने हो, त्यसको स्पष्ट योजना भने देख्न पाइएको छैन । त्यस्ता योजनाको लागि चाहिने स्रोतको व्यवस्थापन मुख्य चुनौती बनेको छ । योजनामा लागेको समय र गति हेर्दा यी योजना गौरव होइन, लज्जाको विषय बढी बनेको भान हुन्छ । आज यस्ता योजनाको औचित्यमैं प्रश्न उठ्न थालेको छ । यस्ता विरोधाभासहरूको समाधान नखोजी भाषणाकै भरमा योजनाले गति लिन सम्भव छैन ।

### योजनाको अवस्था

पूर्वतयारीविना राष्ट्रिय गौरवका आयोजना घोषणा गर्दा कार्यान्वयनले गति समात्न नसकेको हो। आयोजना छनोटमा व्यावसायिक सम्भाव्यताभन्दा पनि नेतृत्वको आग्रह र लोकप्रियताको लोभ हावी छ । सरकारी आय र खर्चको पारदर्शिता र प्रभावकारिताको लेखाजोखा गर्ने निकाय महालेखा परीक्षकको कार्यालयले योजना घोषणाको मापदण्डको अभावलाई बेथितिको कारण भन्न थालेको वर्षौं बितिसक्यो । योजनाको विकास, वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय पक्षको लेखाजोखा नगरी हचुवाको भरमा अघि बढाइने योजनाहरू नै अहिले अलपत्र योजनाको सूचीमा देखिन्छन्। तर, यसको सुधार आवश्यक ठानिएको छैन ।

पोखरा र भैहरवामा निर्माण भएर उपयोग हुन नसकेका अन्तर्राष्ट्रिय विमानस्थलको हविगत हेर्न सकिन्छ । माथिल्लो तामाकोशी र मेलम्ची यस्तो नमूनाको सूचीमैं छन् । सबै किसिमले उपयुक्त भनिएको निजगढ विमानस्थल योजनासमेत अलपत्र पारिएको छ । ८ खर्ब रुपियाँ खर्च हुने भनिएको यो आयोजनामा बितेको एक दशकमा १ अर्ब रुपियाँ मात्रै खर्च भएको छ। प्रारम्भिक कामबाहेक अरू उपलब्धि देखिएको छैन। स्वयं प्रधानमन्त्री दाहालसहित शीर्ष नेतृत्वबाट स्थलगत अवलोकनका क्रममा पटकपटक प्रतिबद्धता आएर पनि काम कछुवा गतिमा पनि घस्रिन सकेको छैन।

काठमाडौं-तराई द्रुतमार्ग निर्माणको गति उस्तै गिज्याउने खालको छ। नेपाली सेनालाई जिम्मा दिएर पनि कामले गति समात्न सकेको छैन । समय तन्काएर २०८१ सम्म पुर्‍याइएको छ । तर त्यो समयभित्र पनि काम पूरा हुने आधार कतै देखिएको छैन । योजनाको लागत उकालो लागिराखेको छ । गौरवकै योजनाको सूचीमा रहेका पश्चिम सेती जलविद्युत् आयोजना, बूढीगण्डकी जलविद्युत् आयोजनाको अन्तर्कथा उस्तै छ । राष्ट्रिय गौरवका योजनाहरूमा ६ वर्षभन्दा बढी समय नलगाउन संसदीय समितिको निष्कर्षसहितको निर्देशन थियो। हामीकहाँ कम्तीमा २ दशकभन्दा लामो समयदेखि अलपत्र २ दर्जनजति योजना गौरवको सूचीमा छन्। कुनै योजनाको प्रगति सन्तोषजनक छैन । सरकारले प्रत्येक वर्षको बजेटमा यस्तो आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत निश्चित गर्ने बताए पनि कार्यान्वयन निराशाजनक छ।

### अब के गर्ने ?

गौरव घोषणा गरिएका योजनामा लाग्ने अनुमानित खर्चमात्रै एक आर्थिक वर्षको बजेटभन्दा बढी हुन्छ र यसको स्रोतको यकीन छैन। योजनाको आर्थिक सम्भाव्यता र उपयोगितालाई कत्ति पनि ध्यान नदिने प्रवृत्ति मूल समस्या हो । प्रधानमन्त्रीबाट वास्तवमैं सार्वजनकि खपतलाई मात्र लक्षित नगरी गम्भीर भएर यो प्रतिबद्धता आएको हो भने योजनाको भौतिक, आर्थिक र सामाजिक सम्भाव्यतासँगै प्रभावको मूल्याङ्कन, लगानी र सञ्चालन स्पष्ट मोडालिटीमा तत्काल काम थाल्नुपर्दछ ।

हामीकहाँ विस्तृत आयोजना प्रतिवेदन नै तयार नगरी निर्माण कार्य शुरू गरिन्छ, यो मूल समस्या हो। यसले आयोजनाले गति र उपलब्धि दुवै दिन सक्दैन। जग्गा प्राप्ति र क्षतिपूर्ति विवाद, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको प्रक्रियाको अव्यावहारिक पक्ष, कमजोर अनुगमन जस्ता समस्या छन्। अधिकांश योजनामा वन तथा वातारणसँग सम्बन्धित नियम कानून अवरोध बनेका छन् । विद्युत् आपूर्ति, सडक पूर्वाधारजस्ता सरोकारमा वन र वातावरणका कानूनी झमेला छन्। यस्ता कानूनी प्रावधानलाई तत्काल संशोधन गरी सन्तुलित निकास खोज्नुपर्छ। सार्वजनिक खरीदका कतिपय प्रावधान पनि समस्या बनेका छन्। कानून भनेको सहजीकरणका लागि हो, समस्या सृजनाका लगि होइन । अव्यावहारिक कानून संशोधनमात्र होइन, खारेजको भागी हुन्छ। आयोजनाका कैंयन विवाद अदालतमा वर्षौंदेखि अल्झिएका छन्, तिनीहरूको द्रुत समाधान खोजिनु पर्दछ।

हचुवा पारामा अघि बढाइने यस्ता अधिकांश योजना अहिले अलपत्र छन् । जसले समय र लागत दुवै वृद्धि भएको छ । यस्ता समस्याको निकासको बाटो पहिल्याउनुपर्दछ । विभिन्न स्वार्थ समूह यसका अवरोध बनेका छन्। आयोजनाको वित्तीय सामाजिक विश्लेषण हुनुपर्दछ । यसबाट हुने रोजगारका अवसरमा स्थानीयलाई जोड्ने हो भने स्थानीय स्तरमा हुने धेरैजसो अवरोधको सहज निकास हुन्छ। आयोजनालाई स्थानीयको आर्थिक समृद्धिमा जोड्न सक्नुपर्दछ । यस्ता विषयलाई योजनाले महत्त्व दिएको पाइँदैन । यो एउटा मुख्य समस्या हो । आयोजनाहरूका लागि चाहिने नदी र खनिजजन्य सामग्रीको प्राप्ति सहज छैन। सरकारले गौरवका आयोजनामा यस्ता सामग्रीको अभाव हुन नदिने बताएको मात्र छ, प्रत्याभूति गरेको छैन। समयमा पूरा नहुने र वर्षौंदेखि थला परेका योजना नै गौरवका योजना हुन् भन्ने भान परेको छ । निर्धारित समयसीमामा पूरा नहुनु गौरवका योजनाको विशेषता बनेको छ।

सार्वजनिक निजी साझेदारीलाई इमानदारीसाथ अघि बढाउने हो भने स्रोतको समस्या समाधान हुन सक्छ । यसमा सरकारी तत्परताको कमी छ । योजना बनाउने, तर जनशक्ति व्यवस्थापनमा उदासीन छौं । दक्षताको कमी, समयमा योजना कार्यान्वयन हुन नसक्नुको, अर्को कारण हो । हामीकहाँ प्रशासनिक कर्मचारीले योजना अघि बढाएका छन् । विकास योजना भनेको प्राविधक विज्ञताको विषय क्षेत्र हो। दक्ष जनशक्तिको अभाव हाम्रो विकास मोडालिटीकै समग्र समस्या हो । यो नीतिगत कमजोरीको परिणाम पनि हो। यतिसम्म कि २५ वर्षे विकास योजनामा समेत यो कुराले स्थान पाएको छैन । हामीले कस्तो विकास गर्ने र त्यसका लागि कस्तो खालको जनशक्ति चाहिने हो यसको कुनै योजना छैन । जनसङ्ख्यालाई जनशक्तिमा रूपान्तरण गर्ने रणनीति नै हामीसँग छैन। परिणाम, हाम्रो जनशक्ति अदक्ष कामदारको रूपमा विदेशमा पसिना बगाइराखेको छ । वैदेशिक सहायकतामा सञ्चालित योजनाको ४७ प्रतिशत रकम परामर्शको नाममा दाता देशमैं पुग्ने गरेको छ । जनशक्ति व्यवस्थापनको योभन्दा लाचारी के हुन सक्छ ? योजना र त्यसको सापेक्ष रूपान्तरणका लागि समस्या स्रोतमा होइन, सोचमा देखिएको छ ।

प्रधानमन्त्रीले वास्तवमैं गौरवको टचाग झुन्डचाइएका योजनाहरूलाई गौरवलायक बनाउन चाहेकै हुन् भने यसका लागि ओठे प्रतिबद्धता मात्र पर्याप्त हुँदैन। कार्यान्वयनमा इमानदारीको अभाव छ । गौरवका आयोजनाको दुर्गतिजस्तै प्रतिबद्धता गर्ने, तर कार्यान्वयनमा उदासीनता समकालीन राजनीतिको चरित्र बनेको छ। प्रधानमन्त्रीबाट आएको यो प्रतिबद्धता कार्यान्वयन हुनेमा अहिले आशावादी मात्र बन्न सकिन्छ, भर पर्ने अवस्था देखिएको छैन ।

# अध्यात्म : जीवनको शीर्षासन

**यदि ईश्वरीय अनुकम्पाले अध्यात्म मार्गमा यतिसम्म गति सम्भव हुन्छ भने अनि फेरि अन्तिम बिसौनी वा अन्तर्यात्राको शिखर स्वयमेव प्रकट हुन्छ । परम प्रकाशको ज्योतिले आत्मचेतनाको कण-कणलाई प्रकाशित पारिदिन्छ ।**

जनसामान्यमा अध्यात्मप्रति जिज्ञासा र आकर्षण हुनु सहज र स्वाभाविक हो, तर यसको मार्ग दुष्कर, गूढ, समय र श्रमसाध्य हुने हुँदा चाहेर पनि हरेक मानिस यस दिशामा अगाडि बढ्न सक्दैन। सच्चाई यो हो कि अध्यात्मको इच्छा राख्ने लाखौंमध्ये कोही एक मात्र यता लम्किन्छ, र यसरी लम्किने लाखौंमध्ये कोही बिरलाकोटी यस मार्गमा स्थिर रहन सक्छ र तीमध्ये पनि अध्यात्मको परमसिद्धि प्राप्त गर्ने युग-युगान्तरमा कोही एक मात्र हुन्छ ।

यस मार्गको दुरुहता, यथार्थता र मर्म विनाजानी-बुझी, अन्धोजस्तै यस दिशामा पाइला बढाउँदा हानिबाहेक लाभ प्राप्त हुन सक्दैन। यस्तो अन्धोपन र भ्रान्तिका शिकार मानिसहरूले यस पवित्र मार्गलाई कलङ्कित पार्दछन् र अरूलाई पनि भौंतारिन प्रेरित गर्दछन् । अचेलको बजारवादी लोभी दृष्टि पनि अध्यात्मको क्षेत्रमा सम्भावना खोज्न आतुर छ । यस्तोमा कुनै नयाँ जिज्ञासु, यस क्षेत्रमा पाइला सार्नुभन्दा पहिले अनेक प्रकारका शङ्का, भ्रान्ति र द्वन्द्वमा फस्नु स्वाभाविक हो ।

यी सबबाट जोगिनु र अरूलाई जोगाउनुको एक मात्र उपाय यही हो कि अध्यात्म मार्गमा पहिलो पाइला राख्नुभन्दा पहिले यस मार्गबारे सही जानकारी र समझ विकसित गर्नुपर्छ । सबैभन्दा पहिले यो सच्चाई बुझ्नु आवश्यक छ कि अहिले जुन जीवन बाँचिराखिएको छ, त्यो भौतिक प्रकृति र त्यसका सिद्धान्त-नियमहरूका मानकबाट आबद्ध छ । साधारण जीवनको निर्वाह र उद्देश्यको पूर्तिका लागि भौतिक जगत्का मानकहरूको पालन गर्नु आवश्यक र उपयोगी पनि छ, तर अध्यात्मको क्षेत्र यसभन्दा नितान्त पृथक छ ।

भौतिक प्रकृतिभन्दा भिन्न यो सूक्ष्मप्रकृतिको संसार हो । अध्यात्मको मार्ग स्थूलजगत्को भौतिक-भोगवादी विधिहरूले होइन, वरन् आन्तरिक जगत्को त्यस बाटो भएर जान्छ, जसको निर्माण स्वयं व्यक्तिले आफ्नो त्याग, तप, वैराग्य र समर्पणको आधारमा गरेको हुन्छ ।

यहाँ सूक्ष्मजगत्को अन्तर्यात्राको ज्ञान-विज्ञानबाट परिचित हुनु आवश्यक हुन्छ। यस यात्रामा सूक्ष्मप्रकृतिका नियम र सिद्धान्तले काम गर्दछन्, जुन यस भौतिक संसारका सिद्धान्तहरूभन्दा सर्वथा भिन्न हुन्छन्। यिनलाई सिक्न-बुझ्न र आत्मसात् गर्नका लागि कुनै समर्थ मार्गदर्शक अथवा गुरु अत्यन्त आवश्यक हुन्छ ।

भौतिक संसारको नियम के हो भने जब हामी प्रकाश वा सूर्यतिर पाइला सार्छौं तब हाम्रो छाया पछि छुट्दै जान्छ। प्रकाशको दिशामा यात्रा गर्ने मानिसको छाया कहिले पनि उसको सामु आउँदैन, न कुनै प्रकारको भ्रम-भटकाव वा बाधाको कारण बन्दछ, तर सूक्ष्मप्रकृतिका नियम र अनुभय यसभन्दा सर्वथा विपरीत हुन्छ ।

जब कोही अध्यात्मको परम प्रकाशको प्राप्तिको उद्देश्यले आफ्नो अन्तर्यात्रा प्रारम्भ गर्दछ र सूक्ष्मप्रकृतिमा पाइला राख्दछ तब उसको छाया बढी घनीभूत भएर उसका सामु देखा पर्छ । यो छाया जन्म-जन्मान्तरका कर्मसंस्कार, प्रारब्ध र वृत्तिहरूका सूक्ष्म र रहस्यात्मक तन्तुहरूबाट विर्निमित भएका हुन्छन् । जबसम्म यी तन्तुहरूलाई फुकाइँदैन, हटाइँदैन, तबबसम्म छाया सामुन्नेबाट हट्दैन र यो छाया नहटुन्जेल आत्मसत्ताको धरातलमा अध्यात्मरूपी परम प्रकाशको किरण कहिले अवतरित हुन पाउँदैन ।

यो कुरा साँचो, तर अत्यन्त मार्मिक पनि छ कि स्थूलप्रकृतिमा प्रकाशतिर यात्रा सबैका लागि सम्भव छ; किनकि यहाँ मार्गमा कुनै बाधा छैन, तर सूक्ष्मप्रकृतिमा प्रकाशतिरको यात्रा पाइला-पाइलामा विपरीतता, भ्रम-भ्रान्ति, रहस्य र आश्चर्यले भरिएको हुन्छ। पूज्य गुरुदेवको कथन-"**उल्टोलाई उल्टाएर सुल्टयाउने**" अथवा "**अध्यात्म जीवनको शीर्षासन हो**"- ले अध्यात्म मार्गको यसै तथ्य एवं सत्यलाई प्रकट गर्दछन् ।

जो पनि यो अन्तर्यात्रा पूरा गरेर शिखरमा पुग्न सफल भएका छन्, ती सबैले अध्यात्म मार्गका यी बाधाहरूलाई पार गरेका छन्- अनि मात्र उनीहरूलाई पूर्ण सफलता प्राप्त हुन सकेको छ। साथै यी आप्त महापुरुषहरूले यस यात्राको मार्गका चुनौती एवं कठिनाईहरूप्रति प्रत्योक अध्यात्म जिज्ञासु-पिपासुहरूलाई जानकारी पनि दिएका छन् ।

ऋग्वेदका ऋषिहरूले 'अँध्यारो गुफा' को रूपमा यसैलाई सङ्केत गरेका छन् । उपनिषद्हरूमा त यस अध्यात्म यात्राको सारलाई एकै सूत्रमा सम्झाइएको छ । गीतामा भनिएको छ कि 'जीवनरूपी अश्वत्थको जरा माथि र हाँगाहरू तल छन्' । महायोगी श्री अरविन्दले पनि यी प्रतीकात्मक सूत्र-उपदेशहरूमा व्यापक प्रकाश पारेका छन् । उक्त सबै कुरा भन्नुको एक मात्र तात्पर्य यत्ति मात्र हो कि अध्यात्म मार्ग सामान्य जीवनको तुलनामा कहीं बढी कठिन, चुनौतीपूर्ण र दुर्लभ छ । यसको सम्पूर्ण यात्रा सूक्ष्मप्रकृतिमा जीवनभित्र नै छ ।

बाह्य जगत्को कुनै पनि कल्पना, विचार, अनुमान, अनुभव, सिद्धान्त आदि आध्यात्मिक जगत्मा काम लाग्दैन। यहाँ काम लाग्ने त-दृढ इच्छाशक्ति, सङ्कल्पबल, तप, पुरुषार्थ, धैर्य, विश्वास, समर्पण र समर्थ मार्गदर्शकको सान्निध्य मात्र हो ।

अध्यात्मको मार्ग नितान्त एकान्त, रहस्य-रोमाञ्च-विस्मयले भरिएको हुन्छ र प्रत्येक क्षण, प्रत्येक पाइलामा नयाँ-नयाँ चुनौती प्रस्तुत गर्दछ। यस मार्गमा हिंड्ने दुस्साहस सबैका लागि सम्भव छैन। जो हिंड्छन् ती पनि त्यहाँ टिकिरहनु अत्यन्त कठिन छ ।

अधिकांश त यस मार्गमा आउने स्वयंको कालो छायाबाट तर्सेर भाग्छन्, अन्य अनेकथरीका भय-भ्रान्तिको शिकार भएर विक्षिप्तजस्तै बन्छन् भने केही भौंतारिएर दिशाहीन बन्न पुग्छन्। यस्तो भ्रान्ति-भौंतराइबाट ग्रस्त मानिस जीवनभर अध्यात्मप्रति अध्यवसायी त बनिरहन सक्छ, तर उसको दशा धेरैजसो घडी पेन्डुलमजस्तै हुन्छ, जुन कहिले रोकिंदैन, तर पुग्न भने कहीं पुग्दैन ।

जसलाई विनाभौंताराइ एवं बाधा निरन्तर अध्यात्म मार्गको सिंढी चढ्दै जानुछ र सफलताको तीव्र अभीप्सा छ, उनीहरूले यस मार्गको चयन पूर्ण सजगता-समझदारी र दृढसङ्कल्पका साथ गर्नुपर्दछ।

यस क्षेत्रका प्रत्येक जिज्ञासु, अन्वेषक र साधकले यो हेक्का राख्नुपर्छ कि अध्यात्ममा प्रवेश गर्ने हामीसँग जुन विद्यमान साधन छ, त्यो हो-हाम्रो मन। मनलाई जब बाह्य प्रकृतिबाट हटाएर सूक्ष्मप्रकृतिमा प्रवेश गराउने कोशिश गरिन्छ, तब त्यहाँ सबभन्दा पहिले सामना हुन्छ, मनमा उठ्ने असङ्ख्य विचार एवं कल्पनाहरूसँग ।

यी छरपस्ट विचार-कल्पनाहरूका लहरमा कहिले अतीतका स्मृति त कहिले भविष्यका चिन्तन अथवा वर्तमानका चुनौतीहरू डुब्दै-उकासिंदै गर्छन् । जप, ध्यान, तप, एकाग्रताजस्ता साधनहरूको आश्रयले मनलाई यस अवस्थाबाट मुक्ति दिलाएर अगाडि बढाउन अत्यन्त सहायक हुन्छन् । यी अभ्यासले मनको धारणशक्ति, इच्छाशक्ति सुदृढ बन्दछ। यदि मन बलियो र दृढसङ्कल्पले युक्त बन्न सक्यो भने त्यो स्वयं विचार-कल्पनाहरूको शमन गर्न समर्थ हुन्छ ।

यसपछि मन सूक्ष्मप्रकृतिको त्यस सिंढीसम्म पुग्छ, जसलाई अचेतनको नामले पनि जानिन्छ । अन्तर्यात्राको यो बिसौनी विचार-कल्पनाहरूले भरिएको धरातलीय बिसौनीभन्दा हजार गुना दुष्कर, कठिन र रहस्यात्मक हुन्छ। यहाँ मनमा जन्म-जन्मान्तरका सुप्त संस्कार र प्रारब्धको भण्डार विद्यमान हुन्छ ।

अध्यात्म पथका यात्रीहरूलाई सबैभन्दा बढी अल्मल्याउने, भय र भ्रान्ति उत्पन्न गर्ने सिंढी नै यही हो । यसलाई पार गर्नका लागि तप-योग आदि साधन-अभ्यासको तीव्रताका साथै जुन सहायक तत्त्व अपरिहार्य छन्, ती हुन्-साधकको धैर्य तथा समर्थ गुरुको साथ ।

यहाँ गुरु एवं मार्गदर्शको आवश्यकता यस कारणले पर्छ, किनकि प्रारब्ध र पूर्व संस्कारका बाक्ला जालोहरूले आन्तरिक चेतनालाई यसरी बेरेका हुन्छन्, तिनका सारा तन्तु परस्पर यसरी अल्झिएका हुन्छन् कि तिनलाई फुकाउन र खोल्न अलिकति पनि त्रुटि भयो भने ती झन् अल्झिन पुग्छन् र विपरीत तथा घातक परिणाम उत्पन्न हुन पुग्छ ।

त्यसैले समर्थ गुरुको मार्गदर्शन आवश्यक हुन्छ, जसले गर्दा उनको निर्देशन र संरक्षणमा कुनै अल्मल्याइ र त्रुटिविना यो बिसौनी पार गर्न सकियोस्। प्रचण्ड पुरुषार्थ, अटूट धैर्य तथा समर्थ गुरु-यी तीनको संयुक्त शक्ति र ऊर्जाबाट नै यी प्रारब्धका पहाड फुट्छन्-हट्छन् अनि मात्र सूक्ष्मप्रकृतिमा अन्तर्यात्राका लागि अघि बढ्ने मार्ग खुल्छ ।

जसको यात्रा कुनै अलमल, भ्रान्ति अथवा विक्षिप्तताविना कुशलतापूर्वक, गुरुकृपाले प्रारब्धजन्य चट्टान र संस्कारहरूका विषम अवस्था पार हुन्छ, ती परम सौभाग्यशाली हुन्। यो सौभाग्य कसैकसैलाई मात्र प्राप्त हुन्छ । यस बिसौनीपछि मात्र अध्यात्म जगत्को प्रकाशको विविध रङ्गबिरङ्गी किरणहरूको झलक प्राप्त हुन थाल्छ । यो सिद्धि-विभूतिहरू तथा अनेक तरहका शक्ति-सामर्थ्यको अकूत भण्डारको क्षेत्र हो, तर हेक्का रहोस् यो अन्तर्यात्राको अन्तिम बिसौनी भने होइन ।

यस मार्गका मर्मज्ञलाई यो रहस्य राम्ररी थाहा छ कि पछिल्लो बिसौनीको तुलनामा यो कहीं बढी सूक्ष्म, कठिन र चुनौतीपूर्ण छ। प्रायः मानिस यहीं पुगेर थामिन्छन् वा पतित हुन्छन्। अन्तःस्थको यस क्षेत्रमा विभूतिहरूका सम्मोहन, दिव्य आकर्षण र वैभवलाई सामुन्ने पाएर कैयौंपटक साधक आफ्नो सङ्कल्प विस्मृत गर्न पुग्छ ।

मूल सङ्कल्पबाट अलमलिनेबित्तिकै साधकको अन्तर्यात्राको परम लक्ष्य पनि विचलित हुन पुग्छ । यस बिसौनीमा नअलमलिएर, सङ्कल्पबाट नडिगेर, त्यसैले परम लक्ष्य प्राप्त गर्न सक्छ, जो यसको सम्मोहन तथा आकर्षणबाट जोगिन्छ एवं यहाँका सबै ऋद्धिसिद्धिहरूलाई आफ्नो मार्गका बाधाको रूपमा स्वीकार गर्दछ।

अध्यात्मवेत्ताहरूको अनुभूति अनुसार यस बिसौनीलाई विनाईश्वरीय कृपा पार गर्नु असम्भव छ; किनकि अन्तश्चेतनामा छद्मरूपमा वेष्ठित दुई विकट शत्रु-अहङ्कार र वासना, यहीं आफ्नो स्वरूप प्रकट गर्दछन्। अध्यात्म मार्गका अनेकौं सिद्ध, साधक, योगीजनको तप-पुरुषार्थ यिनै शत्रुहरूबाट पराजित हुन्छन्। यिनीमाथि विजय प्राप्त गर्नका लागि तप, त्याग, समर्पण र ईश्वरप्रति शरणागति नै सर्वोत्तम उपाय हो ।

यदि ईश्वरीय अनुकम्पाले अध्यात्म मार्गमा यतिसम्म गति सम्भव हुन्छ भने अनि फेरि अन्तिम बिसौनी वा अन्तर्यात्राको शिखर स्वयमेव प्रकट हुन्छ। परम प्रकाशको ज्योतिले आत्मचेतनाको कण-कणलाई प्रकाशित पारिदिन्छ । विचार, विकल्प, प्रारब्ध, अहम्, वासना-सबै छायाहरू पूर्णतः विलुप्त हुन्छन् । यस्तो जीवन परम प्रकाशबाट दीप्त एकाकार र पूर्णता प्राप्त गरेर अध्यात्मपथको सफलता र सार्थकताको परिचायक बन्दछ ।

जीवनलाई पूर्णता प्रदान गर्ने यही एक मात्र मार्ग हो । योभन्दा कममा कहीं, केही, कहिले अध्यात्म फलित हुँदैन, अतः अध्यात्मप्रति प्रत्येक जिज्ञासुलाई गुरुदेवले बताएको सूत्र **'अध्यात्म जीवनको शीर्षासन हो'**-कथनको मर्म बुझेर नै यस दिशामा पाइला सार्नुपर्छ, जसले यस क्षेत्रमा प्रचलित बाह्य र आन्तरिक भ्रान्ति, अज्ञानता र अल्मल्याइबाट जोगिएर आफ्नो पुरुषार्थ र प्रयासहरूलाई सार्थक दिशा प्रदान गर्न सकियोस् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# युगान्डामा मलेरिया नियन्त्रण अभियान प्रभावित

कम्पाला, १७ चैत/सिन्ह्वा

द्वन्द्व र जलवायु परिवर्तनलगायत विश्वव्यापी सङ्कटका कारण अन्तर्राष्ट्रिय दाताहरूले युगान्डामा मलेरिया परियोजनाहरूको लागि दिंदै आएको रकममा उल्लेख्य कटौती गरेको युगान्डाको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार युगान्डामा विश्वमा सबैभन्दा बढी मलेरिया सङ्क्रमण दर रहेको छ र यसले मलेरिया नियन्त्रणको लागि अरू दाता राष्ट्रमा निर्भर रहनुपरेको छ। बाह्य कोष फिर्ताका कारण पूर्वी अफ्रिकी देश युगान्डामा मलेरिया नियन्त्रण र उपचार लागतमा प्रतिकूल प्रभाव पार्ने भएको स्वास्थ्य मन्त्रालयको 'राष्ट्रिय मलेरिया नियन्त्रण महाशाखा'का प्रमुख जिमी ओपिगोले बताए।


तस्वीरः एजेन्सी

युक्रेन र गाजाको द्वन्द्व र जलवायु परिवर्तनका गतिविधिहरू जस्ता विश्वव्यापी मुद्दाहरूमा आफ्नो ध्यान केन्द्रित रहेको स्वास्थ्यमन्त्री रूथ एसेङले संसदीय समितिलाई जानकारी गराए।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार युगान्डामा प्रत्येक दश जनाबिरामीमध्ये तीनजना मलेरिया पीडित छन्।

अस्पतालमा भर्ना भएका पाँच वर्षमुनिका बालबालिका र गर्भवती महिलाहरू मलेरियाको उच्च जोखिममा रहेका थिए। रासस

# श्रीलङ्कालाई आर्थिक सहयोगको निरन्तरता दिन चीन सहमत

बेइजिङ, १७ चैत/एएफपी

चीनले श्रीलङ्कालाई दिने सहयोग जारी राख्ने बताएको छ। आर्थिक सङ्कटपछि अहिले क्रमिकरूपमा राहत महसूस गरेको श्रीलङ्काका प्रधानमन्त्रीले ऋण पुनर्संरचना सम्झौतालाई अन्तिम रूप दिन शनिवार बेइजिङको भ्रमण गरेका थिए।

चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता र बोआओ फोरममा सहभागी हुन प्रधानमन्त्री दिनेश गुणवर्धने सोमवार चीन पुगेका हुन्।

श्रीलङ्काको वर्षौंदेखिको आर्थिक सङ्कट गुणवर्धनेको भ्रमणको क्रममा एजेन्डामा उच्च थियो। श्रीलङ्काको कुल विदेशी ऋणको लगभग १० प्रतिशत हिस्सा चीनले ओगटेको छ।

बेइजिङको विदेश मन्त्रालयले शुक्रवार जारी गरेको संयुक्त द्विपक्षीय वक्तव्यमा भनिएको छ–"चीनले आफ्ना वित्तीय संस्थाहरूलाई श्रीलङ्कासँग सक्रि रूपमा वार्ता गर्न, अन्य ऋणदाताहरूसँग मैत्रीपूर्ण सङवाद कायम गर्न, अन्तर्राष्ट्रिय मुद्रा कोषमा सकारात्मक भूमिका निर्वाह गर्न र श्रीलङ्कालाई आर्थिक राहत दिन सहयोग जारी राख्न इच्छुक छ।"

"बन्दरगाह शहर कोलम्बो र हम्बनटोटा विकास परियोजना प्रवर्द्धन गर्न दुवै पक्ष सहमत भएका छन्, जसलाई 'बेल्ट एन्ड रोड' को चीन–श्रीलङ्का संयुक्त निर्माणको दीर्घकालीन परियोजनामा परिणत गर्न सकिन्छ," चिनियाँ राष्ट्रपति सीको विशाल विश्ववापी पूर्वाधार पहल 'बेल्ट एन्ड रोड'लाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरिएको छ।

सन् २०१५ सम्मको एक दशक शासन गरेका पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेले शुरू गरेको सेतो हात्ती लक्षित परियोजनामा हम्बनटोटाको दक्षिणी बन्दरगाह पनि मानिएको छ। श्रीलङ्काको इतिहासै सबैभन्दा खराब आर्थिक सङ्कट निम्त्याउने ऋणको पासोका रूपमा धेरैले आलोचना गरेका परियोजनाका लागि राजापाक्षेले चीनबाट ठूलो मात्रामा ऋण लिएका थिए।

सन् २०१७ मा हम्बनटोटा बन्दरगाह निर्माणका लागि चीनबाट लिएको ठूलो ऋण तिर्न नसकेर श्रीलङ्काले सरकारी स्वामित्वको चाइना मर्चेन्ट्स ग्रुपलाई लिजमा ९९ वर्षका लागि एक अर्ब १२ करोड अमेरिकी डलरमा हस्तान्तरण गरेको थियो।सन् २०२२ को अप्रिलमा श्रीलङ्काले खाद्यान्न, इन्धन र औषधिजस्ता अत्यावश्यक वस्तुको आयातका लागि समेत विदेशी मुद्रा अभाव भएपछि ४६ अर्ब अमेरिकी डलर बराबरको बाह्य ऋण तिर्न सकेको थिएन।

यसले गत वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २.९ अर्ब डलरको जमानत सहयोग प्राप्त गरेको थियो, यो कार्यक्रम विदेशी ऋणदाताहरूलाई सन्तुष्ट पार्ने सशर्त ऋण सम्झौता थियो।

चीनले डिसेम्बरमा श्रीलङ्काको ऋणको पुनर्संरचना गर्न सैद्धान्तिक सहमति जनाएको थियो, तर कोलम्बो र बेइजिङले विस्तृत विवरण दिएका थिएनन् र दुवैले सम्झौतालाई अन्तिम रूप दिन बाँकी छ।

श्रीलङ्का सरकारले गत जनवरीमा अप्रिलको शुरूसम्म विदेशी ऋण पुनर्संरचनालाई अन्तिम रूप दिने बताइएको थियो। रासस

# भेनेजुएलाका राष्ट्रपतिद्वारा निर्वाचनमा अन्तर्राष्ट्रिय दबाब माग

काराकास, १७ चैत/एएफपी

भेनेजुएलाका विपक्षी नेता मारिया कोरिना माचाडोले आफ्नो गठबन्धनको उम्मेदवारलाई आगामी जुलाईमा हुने निर्वाचनमा भाग लिने वातावरण बनाउन अन्तर्राष्ट्रिय समुदायले थप दबाब दिन याचना गरेका छन्।

डेमोक्रेटिक युनिटरी प्लेटफर्म (पियुडीकी)की नेत्री ८० वर्षीया मारिया कोरिना माचाडोले गत वर्ष अक्टोबरमा विपक्षी प्राइमरी चुनावमा भारी जीत हासिल गरे पनि भ्रष्टाचारको आरोप लागेपछि अदालतले उनलाई १५ वर्षका लागि सार्वजनिक पद धारण गर्न प्रतिबन्ध लगाएको थियो।

पियुडी गठबन्धनले माचाडोको विकल्पमा कोरिना योरिसको नाम उम्मेदवारका रूपमा सिफारिस गरेको छ। "म विश्वका लोकतान्त्रिक नेताहरूलाई त्यहाँका राष्ट्रपति र सरकारहरूको प्रयासमा सामेल भई मादुरो सरकारलाई विपक्षीको उम्मेदवार योरिसलाई राष्ट्रपति चुनावमा उम्मेदवारको रूपमा नाम दर्ता गर्न दबाब दिन आग्रह गरेका छन्।"

"उनीहरूले हाम्रो सङ्घर्ष निष्पक्ष र लोकतान्त्रिक छ भन्ने पुष्टि गरेका छन्"– माचाडोले सामाजिक सञ्जाल एक्समा लेखेका छन्।

५६ वर्षीय माचाडोले कोलम्बिया र ब्रजीललगायत काराकासको 'परम्परागत सहयोगी' देशलाई धन्यवाद दिएका छन् भने संयुक्त राज्य अमेरिका र फ्रान्ससँग मिलेर उम्मेदवार योरिसलाई बहिष्कृत गरिएकोमा चिन्ता व्यक्त गरेका छन्।योरिसलाई पहिलेदेखि नै विपक्षीको दोस्रो वैकल्पिक उम्मेदवारका रूपमा तयार पारिएको थियो। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | अलमल | वृष | यात्रालाभ |
| मिथुन | अलमल | कर्कट | खिन्नता |
| सिंह | वाहनकष्ट | कन्या | राज्यलाभ |
| तुला | अतिथिआगमन | वृश्चिक | अन्नलाभ |
| धनु | व्यर्थभ्रमण | मकर | प्रसन्नता |
| कुम्भ | पदोन्नति | मीन | अस्वस्थता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# निर्वाचन र खादी

मन्तव्य


कुमार रुपाखेती

**मोदी समूहले 'अबकी बार चार सौ पार' को नारा लगाएको छ भने काङ्ग्रेसले– 'अबकी बार भाजपा तडी पार' भन्ने नारा बुलन्द गरेर मतदातालाई विश्वास दिलाउन खोजेको देखिन्छ। तर चार सय पार भन्नेहरूले कतै फिल्मी सहारा लिएका छन्, कतै डनहरूलाई भित्र्याएका छन्।**

भारतमा अहिले लोकसभा निर्वाचनको गर्मागर्मी छ। अपराधी र अभिनेताहरूमा समेत राजनेता बन्ने चाहना पलाएको छ। विगतझैं थुप्रै अभिनेता र बाहुबलीलाई दलहरूले टिकट दिएर चुनावी मैदानमा उतारेका छन्। स्व इन्दिरा गाँधीको पालादेखि बाहुबली र फिल्मी हस्तीहरू भारतीय राजनीतिको केन्द्रमा देखिन थालेका हुन्। निर्वाचनका बेला भारतमा खादी (खद्दर)को लुगाको पनि राम्रो व्यापार हुन्छ। खादीको कुर्ता, पैजामा, गम्छा, टोपी आदिको अत्यधिक बिक्री हुने भएकोले अहिले भारतीय शहर बजार र फूटपाथमा समेत खादीका रेडिमेड कुर्ता, पैजामा, गाँधी टोपीको बिक्री ह्वात्तै बढेको देखिन्छ। चुनाव घोषणा भएपछि मतगणनासम्म त्यहाँ खादीका पोशाकहरू धडल्लेका साथ बिक्ने गर्छ। खादीको कुर्ता, पैजामा, गम्छा र गाँधीटोपीमा सजिएर हिंड्नेलाई उतातिर नेता भनिन्छ, यता नेता ठानिन्छ। अहिले खादीका वस्त्र निर्माण गर्ने बुनकर र दर्जीहरूलाई भ्याइनभ्याइ छ। भाजपाईहरूको रोजाइँ भने गेरुवा रङ र केसरी रङको खादीको कुर्तापैजामा, गम्छा, बड्डी (हाफकोट, इस्टकोट) हो र भाजपाईहरूलाई गाँधी टोपीदेखि परहेज छ। खादी मात्र होइन भारतमा निर्वाचनलाई गालीगलौजको मौसमसमेत ठानिन्छ। दो टुक भन्दै एकअर्कालाई तथानाम आरोप लगाउनु, अपशब्द प्रयोग गर्नु, धारे हात लगाउनु भारतीय राजनीति र निर्वाचनको प्रमुख हतियार हो।

'गोविन्दा आला रे' भन्दै फिल्मी हिरो गोविन्दासमेत ताल ठोक्दै चुनावी मैदानमा उपस्थित देखिन्छन्। हिन्दी सिनेजगत्की बिगडैल बोलीवाली भनिने हिरोइन कङ्गना रणावतलाई समेत भाजपाले उम्मेदवार बनाएको छ। मोदी समूहले 'अबकी बार चार सौ पार'को नारा लगाएको छ भने काङ्ग्रेसले– 'अबकी बार भाजपा तडी पार' भन्ने नारा बुलन्द गरेर मतदातालाई विश्वास दिलाउन खोजेको देखिन्छ। तर चार सय पार भन्नेहरूले कतै फिल्मी सहारा लिएका छन्, कतै डनहरूलाई भित्र्याएका छन् र कतैकतै विपक्षी मुख्यमन्त्रीहरूलाई जेल पुऱ्याएका छन् भने कतिपयलाई शक्तिको त्रास देखाएर भगुवाधारी बन्न विवश पारेको देखिन्छ। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको मामिलामा अमेरिकाले सख्त विरोध जनाउँदै 'चुनावी र विधिको प्रक्रियामा दखल नदेऊ' भन्दै भारतलाई चेताएको छ। अमेरिकालगायत युरोपेली मुलुकहरूले भारतमा निकट भविष्यमा हुन गइरहेको निर्वाचनलाई रूसका पुटिन, बङ्गलादेश र पाकिस्तानको निर्वाचनसँग दाज्न थालेका छन्। स्मरणीय छ, अमेरिका आदि देशहरूले बङ्गलादेश, पाकिस्तान र पुटिनको निर्वाचनलाई एकलौटी र तानाशाही निर्वाचन भन्दै आएका छन्।

'सस्ता रोए बार–बार, महँगा रोए एक बार' भन्दै काङ्ग्रेसले मत माग्दैछ भने भारतका सचेत मतदाताहरूको चाहनामा बलियो प्रतिपक्ष बन्न थालेको छ। सरसर्ती हेर्दा सत्तारूढ भाजपाले विपक्षीहरूमाथि बढीचढी अत्याचार र ज्यादती गर्न थालेको आभास हुन थालेपछि बलियो प्रतिपक्षको वातावरण बन्दै गएको देखिन्छ। विपक्षी मुन्ना बजरङ्गी र मुख्तार अन्सारीको सन्देहात्मक मृत्युलेसमेत भारतीय राजनीतिक चहलपहलमा प्रभाव पारेको देखिन्छ। जसले जे आरोप लगाए पनि मोदीहरू चिरञ्जीवी भव, आयुष्मान् भवःको आशीर्वाद थाप्न आतुर देखिन्छन्।

भारतीय इतिहासमैं डेढ महीना लम्बाचौडा यो निर्वाचनलाई विश्वले शङ्काको दृष्टिले हेर्दैछ। भारतीय न्युज च्यानल र केन्द्रीय सरकार अधीनका प्रशासनिक निकायहरू एकोहोरो र नोकरशाहीमा परिणत भएका छन्। चुनावी विज्ञापन र खर्चमा भाजपा अब्बल देखिएको छ। खाता रोक्का गरिएको भन्दै काङ्ग्रेसको चुनावी विज्ञापन पातलिएको बुझिन्छ। काङ्ग्रेसलाई मटियामेट गर्न भाजपाले थुप्रै प्रान्तमा क्षेत्रीय दलहरूलाई उचालेको देखिन्छ। तर भारतीय चुनावी विश्लेषकहरूका अनुसार भाजपाले जतिकै उठापटक गरे पनि यसपालि चाहे जति कमल खिलाउन सक्दैन रे। अन्त्यमा भाजपाको बलियो टक्कर काङ्ग्रेससित नै हुन्छ रे। जे होस् उम्मेदवारहरू लङ्गौटी कसेर आआफ्नो क्षेत्रमा उपस्थित भई ताल ठोक्न थालिसकेका छन्।

**इब्तिदा–ए–इश्क है रोता है क्या**
**आगे आगे देखिए होता है क्या ?**

# इलाम र बझाङमा एमालेले जित्छ –अध्यक्ष ओली

प्रस, वीरगंज, १७ चैत/

एमाले अध्यक्ष केपी शर्मा ओलीले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनमा इलाम–२ को प्रतिनिधिसभा र बझाङको प्रदेशसभा सदस्य दुवै ठाउँमा एमालेका उम्मेदवार जित्ने दाबी गरेका छन।

बझाङ काठमाडौं सम्पर्क मञ्चले शनिवार काठमाडौंमा आयोजना गरेको प्रदेशसभा उपनिर्वाचन विशेष भेलामा अध्यक्ष ओलीले २०७९ को निर्वाचनमा एमालेले एमालेविरुद्धको गठबन्धन बेहोरेर आएको बताए। अहिले खुल्ला प्रतिस्पर्धा भएकोले एमालेले चुनाव जित्ने अध्यक्ष ओलीको दाबी थियो। यसपटक हामी हार्दैनौं, जित्छौं भन्दै यसपटक हार्ने मिल्दैन बताए।

विगतमा सबै एकातिर, एमाले एकातिर भएको, एमालेका हस्ती भनिएका नेताहरू पार्टी फुटाएर एमालेविरुद्ध चुनाव लडेका र त्यस्तो परिस्थितिमा पनि एमालेले एक्लै चुनाव लडेर सर्वाधिक लोकप्रिय पार्टी बनेको बताए।

सो निर्वाचनमा काङ्ग्रेसले केही ठाउँमा निर्वाचन कब्जा गरेर संसदीय अङ्कगणितमा एमालेको भन्दा केही बढी सिट प्राप्त गरेको अध्यक्ष ओलीले आरोप लगाए। काङ्ग्रेसले चुनावमा धाँधली गरेर बल्ल बल्ल एमालेको भन्दा केही बढी सिट ल्याएको उनको आरोप थियो। सिट बढी ल्याए पनि एमालेले सर्वाधिक मत ल्याएको उनले बताए।

अध्यक्ष ओलीले एकताबद्ध भएर चुनावमा लाग्न र अघि बढ्न आग्रह गरे। वैशाख १५ गते धेरै समय बाँकी नरहेको भन्दै चुनावमा लागि हाल्न कार्यकर्ताहरूलाई निर्देशन दिए।

इलाम–२ मा एमालेले अत्यधिक बहुमतले जित्ने उनले दाबी गरे। स्व सुवास नेम्वाङको निधनबाट रिक्त हुन आएको क्षेत्रमा चुनाव लड्न लागेको बताउँदै अध्यक्ष ओलीले हिजो सबै मिल्दा पनि एमालेले एक्लै लडेर चुनाव जितेको स्मरण गराए। यसपटक इलाममा हाम्रो कोही प्रतिस्पर्धी छैन, हामी जित्छौ उनले दाबी गरे।

बझाङमा पनि काङ्ग्रेसले माओवादी र समाजवादीको भतले २०७९ सालको चुनाव जितेको बताउँदै उनले यसपटकको निर्वाचनमा अन्तिममा पुग्दासम्म माओवादीले एमालेलाई समर्थन गर्ने विश्वास व्यक्त गरे। यदि ती निर्वाचन क्षेत्रमा एमालेको भन्दा माओवादीको भोट बढी भएको भए एमालेले माओवादीलाई खुल्ला दिलले समर्थन गर्ने बताए।

माओवादीको भन्दा एमालेको बढी भोट भएकोले एमालेले छाड्न नमिल्ने अध्यक्ष ओलीको भनाइ थियो। यसपटक बुथ कब्जा हुन नदिनका लागि एमालेले हरेक बुथमा दुई सयका दरले युवा परिचालित गर्ने बताए।

ओलीले चुनावमा फजुल खर्च नगर्न आग्रह गरे। पार्टीको चुनाव भएकोले सबैलाई खट्न उनले आग्रह गरे।

# सुक्खा बन्दरगाह र तेस्रो मुलुकबाट आयात निर्यातको माग

जलेश्वर (महोत्तरी), १७ चैत/रासस

यहाँका उद्योगी, व्यवसायी र जनप्रतिनिधिहरूले जलेश्वर भन्सार कार्यालयमार्फत सुक्खा बन्दरगाह र तेस्रो मुलुकबाट आयात निर्यात सुविधाको माग गर्दै शनिवार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष ज्ञापनपत्र बुझाएका छन्।

विसं २०२६ मा जलेश्वर नगरपालिका–३ मा निर्माण गरिएको उक्त भन्सार कार्यालय भौतिक पूर्वाधार, क्षेत्रफल र जनशक्तिको दृष्टिकोणले मधेस प्रदेशको वीरगंजपछिको दोस्रो ठूलो भन्सार कार्यालय रहेको भन्दै यस भन्सार कार्यालयलाई स्तरोन्नति गरी यहाँ सुक्खा बन्दरगाह र तेस्रो मुलुकबाट आयात निर्यातको सुविधा सञ्चालन गराउनुपर्ने उनीहरूको माग छ।

यस भन्सार कार्यालयमार्फत सुक्खा बन्दरगाह र तेस्रो मुलुकसँग आयात निर्यातको सुविधा प्रदान गरिएमा मधेस प्रदेशका महोत्तरी, धनुषा, सिराहा, सर्लाही, सप्तरीसहित पहाडी जिल्ला सिन्धुली, रामेछाप, उदयपुरलगायत जिल्लाका उद्योगी, व्यापारीलाई भारतबाट सामान आयात–निर्यात गर्न सहज हुने र कम खर्चिलो हुने र विभिन्न दृष्टिकोणले व्यापारिक विकासमा योगदान पुग्ने ज्ञापनपत्रमा उल्लेख छ।

सुक्खा बन्दरगाह सञ्चालनका लागि ६५ बिघा जग्गा अधिग्रहण गरिसकिएको, चार दशमलव पाँच बिघा क्षेत्रफलमा यार्डहरू निर्माण भइसकेको, खाद्य परीक्षण प्रयोगशाला सञ्चालनमा रहेको र आवश्यक जनशक्ति पनि कार्यरत रहेको अवस्थामा सजिलै सुक्खा बन्दरगाह र तेस्रो मुलुकबाट आयात–निर्यातको सुविधा प्रदान गर्न सकिने अवस्था रहेको जनाइएको छ।

आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको नीति तथा कार्यक्रममा जलेश्वर भन्सार कार्यालयमा बन्दरगाह सञ्चालनको विषय उल्लेख भएको, गत भदौमा इन्टरमोडल यातायात विकास समितिले स्थलगत सर्वेक्षण गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाइसकेको र सो प्रतिवेदन अध्ययन गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भन्सार विभागसँग राय मागी प्रक्रियाअघि बढिरहेकाले सजिलै यहाँ सुक्खा बन्दरगाह सञ्चालन र तेस्रो मुलुकबाट आयात निर्यात सुविधा सञ्चालनमा ल्याउन सकिने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

प्रधानमन्त्री प्रचण्डलाई उद्योग

(बाँकी अन्तिम पातामा)

# फोहोरबाट २७ लाख जरिवाना असुल

प्रस, वीरगंज, १७ चैत/रासस

वीरगंज महानगरपालिकाले जथाभावी फोहोर फाल्नेहरूलाई कारबाही गरी १४ महीनामा २७ लाख रुपैयाँभन्दा बढी जरिवाना असुलेको छ।

२०७९ पुस १७ गतेदेखि गत फागुनसम्म १४ महीनाको अवधिमा जथाभावी फोहोर फाल्ने नौ सयजनालाई कारबाही गरी २७ लाख दुई हजार ६०५ रुपैयाँ जरिवानाबापत राजस्व सङ्कलन गरिएको महानगरपालिकाको सरसफाइ व्यवस्थापन महाशाखाका प्रमुख सर्फुद्दीन मियाँले जानकारी दिए।

चालू आर्थिक वर्ष २०८०/८१ को पछिल्लो आठ महीनाको अवधिमा भने जथाभावी फोहोर फाल्नेबाट ११ लाख ६५ हजार ९०० रुपैयाँ जरिवानाबापत राजस्व सङ्कलन गरिएको उनले बताए। उक्त अवधिमा जथाभावी फोहर फाल्ने व्यक्ति तथा संस्था गरी ३८० जनामाथि महानगरले कारबाही गरेको उनले जानकारी दिए।

वीरगंज महानगरपालिकाले सडक, नाला वा खाली ठाउँमा जथाभावी फोहोर फाल्नेविरुद्ध २०७९ पुस १७ गतेदेखि आर्थिक जरिवाना गर्ने नियम शुरू गरेकोमा हालसम्म अर्थात् १४ महीनामा नौ सयजनालाई कारबाही गरी २७ लाख दुई हजार ६०५ रुपैयाँ जरिवानाबापत राजस्व सङ्कलन गरिएको मियाँले बताए।

"घर, पसल र कार्यालयबाट निस्किने फोहर जथाभावी फाल्ने प्रवृत्ति छ," सरसफाइ शाखा प्रमुख मियाँले भने, "त्यो प्रवृत्ति निरुत्साहित गर्न हामीले जरिवाना गर्न थालेका हौं।" जथाभावी फोहोर फाल्नेविरुद्ध आर्थिक जरिवाना गर्न थालेपछि शहरको सरसफाइको अवस्थामा निकै सुधार आएको उनले जिकिर गरे। तर आर्थिक जरीवाना गर्दा पनि जथाभावी फोहोर फाल्ने प्रवृत्ति पूर्णरूपमा नरोकिएकाले त्यस्ता व्यक्ति वा संस्थाविरुद्ध अब सार्वजनिक मुद्दा चलाउने पनि महानगरको योजना रहेको उनले बताए।

मियाँका अनुसार वीरगंज शहरलाई सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरका ३२ वटै वडामा दैनिक तीनपटक सडक र नालाको सरसफाइ हुँदै आएको छ। यसका साथै वर्षायाम सुरू हुनुअघि महानगरभित्रका सबै साना–ठूला ढल र नाला सफा गरिसक्ने लक्ष्यका साथ काम गरिरहेको पनि प्रमुख मियाँले बताए।

सफा, सुन्दर र वैभव वीरगंज बनाउने मेयर राजेशमान सिंहको चाहना र योजना रहेको सुनाउँदै मियाँले त्यही योजना अनुसार बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सफाइ गरिरहेको बताए।

# रोकिएन श्रीसिया नदीमा प्रदूषण, स्थानीय जोखिममा

राजु विश्वकर्मा
वीरगंज (पर्सा), १७ चैत/रासस

कुनै बेला वीरगंज महानगरवासीका लागि वरदान मानिएको श्रीसिया नदी यतिबेला अभिशाप बनेको छ। बस्तीनजीक भएर बग्ने श्रीसिया नदी केही वर्षअघिसम्म स्थानीयको पानीको प्रमुख स्रोत थियो तर पर्सा–बारा औद्योगिक करिडोरमा सञ्चालित उद्योगहरूले नदीमा प्रदूषित पानी र फोहोर श्रीसिया मिसाएपछि नदी दुर्गन्धित भई बस्तीमा बस्नै नसकिने अवस्था सिर्जना भएको स्थानीयको भनाइ छ।

नदीमा हिजोआज पानीभन्दा बढी फोहोर बग्ने गर्छ। "केही वर्षअघिसम्म हामी श्रीसिया नदीमा नुहाउँथ्यौं, भाँडाकुँडा धुन्थ्यौं," वीरगंजस्थित छपकैयाका स्थानीय कृष्णकुमार कानूले भने, "अहिले त्यही श्रीसिया नदी दुर्गन्धित भएकोले वरिपरि बस्न र हिंड्डुल गर्न गाह्रो छ।" नदी वरिपरि हिंड्दा नाक थुनेर हिंड्नुपर्ने अवस्था रहेको उनको गुनासो छ।

प्रदूषणका कारण श्रीसिया नदी लेदो भएर बग्ने गरेको छ तर श्रीसिया नदीमा फोहोर मिसाउने उद्योगलाई हालसम्म सामान्य जरिवानाबाहेकको कानूनी कारबाही गरिएको छैन। नदी प्रदूषणले वीरगंजसहित दुई दर्जन गाउँका सर्वसाधारण विस्थापित हुने अवस्थामा पुगेका छन्। "श्रीसिया नदीको पानी दुर्गन्धित भएर बस्तीमा बस्नै नसक्ने अवस्था भइसकेको छ," वीरगंज–९ का सुभाष महतो भन्छन्, "हामी सानो छँदा यही नदीमा नुहाउने र पौडी खेल्ने गर्थ्यौं तर अहिले हेर्दाहेर्दै नदीको पानी दुर्गन्धित भएर कामै नलाग्ने अवस्थामा पुगेको छ।"

श्रीसिया नदीको धार्मिक र सांस्कृतिक महत्त्वसमेत छ। "कुनै बेला छठ पर्व मनाउन श्रीसिया नदी प्रसिद्ध मानिन्थ्यो। नदी प्रदूषित भएपछि स्थानीयले नदीमा छठ पर्व मनाउनै छोडिसकेका छन्," महतोले भने, "श्रीसिया नदीको प्रदूषण रोक्न स्थानीय तहका जनप्रतिनिधिलाई पटकपटक आग्रह गरे पनि खासै चासो देखाएनन्।" फोहोर पानीकै कारण स्थानीयले तरकारीखेती गर्न छाडे भने नदीमा जलचर र वनस्पति मासिएको उनको भनाइ छ।

बाराको सिमरा पश्चिममा पर्ने रामवनस्थित वन मुहान भएको श्रीसिया नदी पर्साको वीरगंज हुँदै भारतको रक्सौलसम्म पुगेको छ। औद्योगिक करिडोरमा रहेका छाला, डिस्टिलरी, टेक्सटायल, घ्यू, साबुनलगायत उद्योगबाट निस्कने रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदोजस्ता विकार नदीमा मिसाइँदा दुर्गन्धित बनेको हो।

नदीको प्रदूषणले बाराको सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदीना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगावाँ, बेहरा, बलुवा, पर्साका श्रीसिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगंज महानगरपालिकाका रामवन, रामगढवा, विन्ध्यवासिनी, रानीघाट, अशोकवाटिका, छपकैयासहित करीब एक दर्जन बढी गाउँ र टोलका बासिन्दा प्रभावित भएका छन्।

श्रीसिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै घेराउ गरेपछि २०६७ सालमा जिल्ला प्रशासन कार्यालयले श्रीसिया नदी अनुगमन समिति गठन गरेको थियो। उक्त समितिले नदीको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनमा प्रदूषणको कारक उद्योगहरू रहेको उल्लेख छ। प्रतिवेदनमा नदी प्रदूषण गर्नेलाई अविलम्ब कारबाही गर्नुपर्ने भनी उद्योगहरूको नाम किटान गरिएको थियो।

नदीमा फोहोर मिसाउने उद्योगलाई कारबाही गर्न १२ वर्षसम्म सिफारिश भएपनि कुनै कारबाही हुन सकेन। ती उद्योगहरूले निरन्तर नदी प्रदूषण गराइरहेका छन्। नदी प्रदूषण गर्ने उद्योग सञ्चालकलाई जिल्ला प्रशासन कार्यालयले छलफलका लागि बोलाउने र प्रदूषण नगर्न निर्देशन दिने गरेको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताए।

उद्योगले प्रदूषित बनाएको श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन दबाबस्वरूप 'चुरे तथा वनजङ्गल संरक्षण अभियान'ले वीरगंजदेखि काठमाडौंसम्मको पदयात्रा गरेको छ। श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन सरकारलाई दबाब दिने उद्देश्यले केही महीनाअघि अभियानका संयोजक सुनील यादवको नेतृत्वमा पैदल यात्रा भएको थियो।

प्रदूषित श्रीसिया नदीको पानी बोकेर पैदल यात्रामा निस्केको टोलीले वीरगंजबाट पैदल यात्रा गरी ११औं दिनमा राजधानी काठमाडौं पुगी सिंहदरबार अगाडि पानी पोखेर विरोध जनाएको थियो। सरकारले श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन ध्यान नदिएको भनी उनीहरू माइतीघरमा धर्नामा समेत बसेका थिए। श्रीसिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै पटकपटक वीरगंजमा आन्दोलन गर्दै आएका छन्।

श्रीसिया नदी प्रदूषण नियन्त्रणका लागि वीरगंज महानगरपालिकाले अभियान चलाउँदै आएको छ। नदी प्रदूषण गर्ने जो कसैलाई कारबाही गर्ने रणनीति अनुसार नदीमा फोहोर गर्नेलाई महानगरपालिकाले जरिवाना गर्दै आएको छ। गत एक वर्षअघि महानगरपालिकाले श्रीसिया नदीलाई प्रदूषण गर्ने पर्सा–बारा औद्योगिक कोरिडोरमा सञ्चालित पाँचवटा उद्योगलाई जनही रु तीन/तीन लाखका दरले रु १५ लाख जरिवाना गरेको थियो।

महानगरले वीरगंज–२१ स्थित ग्लोबल लेदर उद्योग प्रालि, अरनिका प्रोसेसिङ उद्योग प्रालि, श्रीसिद्धि टेक्सटायल्स प्रालि, मोरियम लेदर उद्योग प्रालि र वडा नं ३२ स्थित दुर्गा पल्प एन्ड पेपर प्रालिलाई रु तीन/तीन लाखका दरले जरिवाना गरेको थियो।

वीरगंज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ को दफा ३७ अनुसार नदी प्रदूषित गर्ने पाँचवटा उद्योगलाई कारबाहीस्वरूप जरिवाना गरिएको वीरगंज महानगरपालिकाले जनाएको छ। महानगरले गत फागुनमा उद्योगहरूबाट निस्केको फोहोर श्रीसिया नदीमा फाल्ने तीनवटा ट्याक्टरलाई समेत नियन्त्रणमा लिई रु एक/एक हजार जरिवाना गराएको थियो। उक्त अभियान अन्तर्गत महानगरले उपप्रमुखको संयोजकत्वमा गठन गरेको श्रीसिया नदी प्रदूषण नियन्त्रण समितिले उद्योगहरूको अनुगमन गर्दै आएको छ। अनुगमनका क्रममा नदी तटमा रहेका उद्योगहरूले त्यहाँबाट निस्कने फोहोर (रसायनयुक्त फोहोर पानी, छालाको लेदो, कोइलाको छाईलगायत वस्तु) सीधै नदीमा फाल्दै आएको भेटिएको छ। फागुन ३ मा बसेको समितिको बैठकले नदी प्रदूषण गर्ने उद्योगलाई कारबाही गर्ने निर्णय गरेको थियो।

"श्रीसिया नदी वीरगंज शहरकै लाइफलाइन हो," महानगर प्रमुख राजेशमान सिंहले भने, "त्यस कारण यो नदीलाई प्रदूषित बनाउने जोसुकैविरुद्ध महानगरले कारबाही गर्छ। नदीलाई प्रदूषणमुक्त बनाउने अभियान अब रोकिंदैन।" तर महानगरले गर्ने सामान्य जरिवाना श्रीसिया नदी सफाइ बनाउने अभियानका लागि भने पर्याप्त नहुने स्थानीयको भनाइ छ।

**एसइई ...**

हुनुपर्ने र निमावि वा प्रावि तहका शिक्षकलाई नियुक्त गर्न नपाइने स्पष्ट निर्देशन छ भन्ने प्रश्नमा प्रमुख सिंहले भने, " यो मेरो एकल निर्णयमा गरिएको होइन। सबैको सहमतिमा साहलाई केन्द्राध्यक्ष नियुक्त गरिएको हो। सम्बन्धित प्रअ सिंह आफैंले साहको नाममा लिखित सहमति दिनुभयो। त्यसपछि शिक्षा विकास तथा समन्वय एकाइको सिफारिशमा जिल्ला परीक्षा समन्वय समितिले केन्द्राध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो।"

नेपाल राष्ट्रिय मावि खुटवाजब्दीमा बाराको बेंगा साह मावि प्रसौनी, नेपाल राष्ट्रिय मावि प्रस्टोका र नेपाल राष्ट्रिय मावि बुनियाद गरी तीनवटा विद्यालयको परीक्षा केन्द्र तोकिएको छ। उक्त विद्यालयमा ती तीनवटै विद्यालयका गरी अढाई सय विद्यार्थीले एसइई दिइरहेका छन्।

**सुक्खा बन्दगाह ...**

वाणिज्य सङ्घ महोत्तरीका अध्यक्ष जीतेन्द्र चौधरी, जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंह, गौशाला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामराजाप्रसाद साह, बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णुबहादुर खड्का, जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलसहित जिल्लाका विभिन्न राजनीतिक दलका नेतालगायतले प्रधानमन्त्री कार्यालय सिंहदरबार पुगी ज्ञापनपत्र बुझाएका थिए।

# खेलकूदको संसार

## नेपाल 'ए' टीम आयरल्यान्डसँग पराजित

काठमाडौं, १७ चैत/ रासस

नेपाल 'ए' टीम आयरल्यान्ड वुल्भ्ससँग पराजित भएको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको खेलमैदानमा शनिवार भएको खेलमा नेपाल 'ए' ४० रनले पराजित भएको हो।

जीतका लागि २२५ रनको लक्ष्य पछ्याएको नेपाल 'ए' १७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १८४ रनमा सीमित भयो।

नेपालको आजको हारसँगै जारी टी–२० शृङ्खला आयरल्यान्ड वुल्भ्सले एक खेलअगावै जितेको छ। शृङ्खलाको पहिलो खेलमा आयरल्यान्ड वुल्भ्स २१ रनले विजयी भएको थियो।




नेपालका पवन ब्याटिङ गर्दै। तस्वीरः क्यान

नेपालका लागि देव खनालले २५ बल खेल्दै सात चौकाको सहयोगमा ४७ रन बनाए भने बसिर अहमदले २७, विनोद भण्डारीले २६, लोकेश बमले २५ रनको योगदान दिए।

आयरल्यान्ड वुल्भ्सका लागि वेन ह्वाइटले तीन विकेट लिए भने फिओन ह्यान्ड र थोमस माएजले दुई/दुई विकेट लिए। त्यसअघि ब्याटिङ गरेको आयरल्यान्ड वुल्भ्सले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा २२४ रनको विशाल योगफल तयार पारेको थियो।

उसका लागि नील रकले अविजित ७१ रन बनाए। उनले ३४ बल खेल्ने क्रममा सात छक्का र एक चौका प्रहार गरे। साथै पिटर मूरले ६५ रन बनाए। उनले सात छक्का र तीन चौका प्रहार गरे। त्यसबाहेक जेम्स म्याकोलुमले २६, रोद अदिरले १७, फिओन ह्यान्डले १९ रनको योगदान दिएका थिए।

नेपाल 'ए'का लागि सागर ढकालले तीन विकेट लिए भने कमल ऐरी, पवन सर्राफले एक/एक विकेट लिए। शृङ्खलाको तेस्रो खेल आगामी सोमवार हुनेछ।

## विराट गोल्डकपः साङ्ग्रिला सेमिफाइनलमा

मोरङ, १७ चैत/रासस

विराट गोल्ड कप ट्रस्टद्वारा विराटनगरको शहीद रङ्गशालामा रात्रिकालीन 'विराट गोल्डकप फूटबल' प्रतियोगिताको आठौं संस्करणको शनिवास साँझ भएको खेलमा मोरङको साङ्ग्रिला फूटबल क्लब विजयी भएको छ।

मोरङको साङ्ग्रिला फूटबल क्लबले भुटानको आरटिएफसीलाई तीन–दुई गोलले पराजित गरेको हो। जीतसँगै साग्रिला प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

साङ्ग्रिला क्लबका जर्सी नं ९ का आशिष चापागाईं खेलको २६ मिनेटमा र जर्सी नं १० सुशील राईले ३३औं मिनेटमा एक/एक गोल गरेका थिए।

पहिलो हाफमा २–० गोलअन्तरले अगाडि रहेको उसका लागि खेलको ५०औं मिनेटमा जर्सी नं ७ का खेलाडी स्याङले एक गोल गर्दै टोलीलाई ३–० को अग्रता दिए।



विराट गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत भएको खेलमा मोरङको साङ्ग्रिला फूटबल क्लब र भुटानको आरटिएफसीबीच प्रतिस्पर्धा हुँदै। तस्बिरः मनोज दाहाल/रासस

भुटानका लागि जर्सी नं ३ का सोरव दार्जेले खेलको ६५औं र ७४औं मिनेटमा दुई गोल गरी खेलमा फर्कने प्रयास गरे पनि सफल भएनन्।

आजको खेलको 'प्लेयर अफ दी म्याच' साङ्ग्रिला क्लबका महेन्द्र कार्की घोषित भए। उनले रु ११ हजार प्राप्त गरे।

प्रतियोगितामा नेपालका शहीद स्मारक 'ए' डिभिजन विजेता चर्च ब्वाइज, विभागीय क्लब त्रिभुवन आर्मी फूटबल क्लब, नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बलको टोली, न्युरोड टीम, मच्छिन्द्र फूटबल क्लब र साङ्ग्रिला मोरङ एफए छन्।

यस्तै, भारतको कोलकाताबाट साउथर्न समिति फूटबल क्लब, सिक्किम ड्रागन फूटबल क्लब र भुटानको थिम्पुबाट आरटिएफसी फूटबल क्लबले गोल्डकपमा प्रतिस्पर्धा गरेका छन्।

गोल्डकप विजेता टोलीले ट्रफीसहित रु ११ लाख, उपविजेताले रु पाँच लाख ५० हजार पुरस्कार प्राप्त गर्नेछन्। आइतवारको खेल काठमाडौंको एनआरटी फूटबल क्बल र भारतको सिक्किम ड्रागनबीच हुनेछ।